# साहित्यिक परिदृश्यमा पारसमणि प्रधान

**प्रेमप्रसाद तिवारी***

**सार :**
*पारसमणि प्रधानले निबन्ध, कविता, नाटक तथा बालसाहित्यमा कलम चलाएका छन् । प्रधानले यी सबै साहित्यिक विधाका माध्यमबाट नेपाली भाषाको मानकीकरण र आधुनिकीकरणमा महत्त्वपूर्ण योगदान दिएका छन् । भाषा, साहित्य, साहित्यकार, संस्कृति, जातीयता, राष्ट्रियताजस्ता विषयगत विविधता देखाउने प्रधानका कृतिले भाषिक उत्थान र मातृभाषाप्रति सद्भाव प्रकट गरेका छन् । प्रधानले सबै साहित्यिक विधाका माध्यमबाट नेपाली भाषा र साहित्यको विकासमा अहम् भूमिका निर्वाह गरेका छन् । प्रधानका निबन्धहरूमा शिक्षा, भाषा, व्याकरण, कोश, साहित्य, जाति, इतिहास, व्यक्तिवृत्त र रचना सन्दर्भजस्ता विशेषता पाइन्छन् । प्रधानका कविताहरू भाव, लय, शिल्प बिम्ब, अलङ्कार, प्रतीक आदि संयोजनका दृष्टिले उत्कृष्ट रहेका छन् । सामाजिक, ऐतिहासिक, धार्मिक तथा पौराणिक विषय उपयोग भएका प्रधानका नाट्यकृतिमा चरित्र र संवादमा स्वाभाविकता, मञ्चीयताजस्ता विशेषता पाउन सकिन्छ ।*

**शब्दकुञ्जी : आधुनिकीकरण, मानकीकरण, नाटकीकरण, इच्छाशक्ति, संस्मरणात्मक, विजिगीषी**

### १. विषयप्रवेश

पारसमणि प्रधान नेपाली साहित्यको निबन्ध, कविता, नाटक, बालसाहित्य तथा भाषाको आधुनिकीकरण अनि मानकीकरणका लागि समर्पित व्यक्ति हुन् । नेपाली साहित्यको उत्थान, सम्वर्द्धन तथा उन्नयनमा पारसमणि प्रधानको अतुलनीय योगदान रहेको छ । कविता, कथा, नाटक, निबन्ध, उपन्यासजस्ता सबै साहित्यिक विधाको उर्वरभूमि बनेको प्रवासी नेपाली साहित्यले नै नेपाली साहित्यलाई नवीनताको मार्गमा डोऱ्याउँदै आएको विषय हाम्रा अगाडि स्पष्ट छ । कविताको नवीनताका लागि गरिएका आन्दोलन हुन् या उपन्यास, निबन्ध, नाटक आदि विधाको विकासका लागि छेडिएका आन्दोलन हुन्, यी सबैमा दार्जिलिङले प्रभाव छोडेकै छ । नेपाली भाषाको आधुनिकीकरणका प्रयास हुन् या समालोचनाका क्षेत्रमा भित्र्याइएका नवीनता यी सबै साहित्यिक अभियानको सम्बन्ध कुनै न कुनै रूपमा दार्जिलिङसँग जोडिएको छ । त्यही दार्जिलिङलाई कर्मथलो बनाई नेपाली भाषासाहित्यको उत्थानमा समर्पित स्रष्टा पारसमणि प्रधानको साहित्यिक जीवनको पर्यवेक्षण गर्ने कार्य यस लेखमा गरिएको छ । प्रधानले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएको पाइए पनि यहाँ मूलतः निबन्ध, कविता र नाटकका सन्दर्भबाट योगदानको समीक्षा गरिएको छ र यी तीन विधामा दिएको योगदान के कस्तो छ भन्ने मुख्य समस्याको समाधानमा यो लेख केन्द्रित रहेको छ ।

### २. अध्ययन विधि

प्रस्तुत लेखमा साहित्यिक सन्दर्भमा पारसमणि प्रधानका जीवनका आयामहरूको विश्लेषण गरिएको छ । यसका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन प्राथमिक तथा द्वितीयक स्रोतबाट गरिएको छ । यस लेखमा प्रधानद्वारा लिखित कृतिहरूलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने उनका कृति तथा उनको व्यक्तिगत जीवनका बारेमा भएका अध्ययनलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यी दुबै प्रकृतिका सामग्री पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । त्यस्तै कृतिका प्रवृत्ति निरूपणका लागि विधा सिद्धान्तलाई नै आधार बनाइएको छ । यस लेखमा जीवनीपरक समालोचना, वर्णनात्मक, विवरणात्मक तथा व्याख्यात्मक विधिका सहायताबाट सामग्रीको विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ ।

### ३. पारसमणि प्रधानको व्यक्तित्व

माता लक्ष्मीमाया श्रेष्ठ र पिता भाग्यमणि भिक्षाचार्यका पहिला सन्तानका रूपमा जनवरी १, १८९८ मा भारतको पश्चिम बङ्गाल राज्यको दार्जिलिङ जिल्लाको कालिम्पोङ डम्बर चोकमा जन्मिएका पारसमणि प्रधान नेपाली भाषासाहित्यको उत्थानमा समर्पित प्रवासी नेपाली साहित्यकार हुन् । नेपालको पाटन म्हापालटोल पुर्ख्यौली थलो भएका प्रधानका बुबा भाग्यमणि विद्यार्जनका क्रममा भारतको काशीसम्म आइपुगेका र पण्डित

*उप-प्राध्यापक, नेपाली शिक्षण विभाग, बुटवल बहुमुखी क्याम्पस, बुटवल

विश्वराज हरिहर शर्माको सान्निध्यका कारण कालिम्पोङसम्म आइपुगेको जानकारी पाइन्छ (प्रधान, सन् १९९१ : १-२) । पारिवारिक संस्कारबाट नै बाल्यकालमा भानुभक्तीय रामायण तथा भक्तमालाका श्लोकहरू कण्ठस्थ पारी सुनाउने प्रधानको औपचारिक शिक्षाको प्रारम्भ कालिम्पोङको पुदुङ प्राथमिक पाठशालाबाट भएको थियो (प्रधान, सन् १९९१ : ३-६) । सन् १९१७ मा दार्जिलिङ हाइ स्कुलबाट म्याट्रिक (एस.एल.सी.) उत्तीर्ण गरेका प्रधानले दार्जिलिङमा उच्च शिक्षा अध्ययनका लागि कलेज नभेट्टाउँदा बाध्य भई औपचारिक शिक्षालाई यहीँ विश्राम दिनुपर्ने परिस्थिति सृजना भएको थियो । इच्छाशक्ति प्रबल भएपछि मानिसले जस्ता काम पनि सजिलै सम्पन्न गर्न सक्छ भनेजस्तै प्रधानले सन् १९२७ मा बाह्य परीक्षार्थी बनेर कलकत्ता विश्वविद्यालयबाट आई.ए.सम्मको अध्ययन पूरा गरे र सन् १९३२ मा बाह्य परीक्षार्थी नै बनी प्रधान बी.ए.को परीक्षामा सम्मिलित त भए तर पनि उनले त्यो तह उत्तीर्ण गर्न सकेनन् तथापि उनलाई सबै क्षेत्रमा स्नातकको सम्मान गरिएको पाइन्छ । दार्जिलिङ हाइ स्कुलमा अध्ययन गर्दादेखि नै सामाजिक कार्यमा सक्रिय भएका प्रधानले सन् १९१४ मा गोर्खा साहित्य समाजको स्थापना गरी सचिवको पदभार लिएका थिए भने सन् १९१७ मा खर्साङको गोर्खा लाइब्रेरीमा अवैतनिक पुस्तकालयाध्यक्षको जिम्मेवारी लिई गोर्खाहरूलाई एकीकृत गर्ने कार्य गरेका थिए । विभिन्न सामाजिक संस्थाका जिम्मेवारी लिएर सामाजिक कर्ममा समर्पित भएका प्रधानको सामाजिक व्यक्तित्व पनि अत्यन्तै सबल रहेको भेटिन्छ ।

सन् १९१७ देखि खर्साङको हाउहिल प्राथमिक पाठशालामा शिक्षकका रूपमा प्रवेश गरेपछि प्रधानको शैक्षिक व्यक्तित्व पनि प्रखर बन्दै सार्वजनिक भएको भेटिन्छ । दार्जिलिङ क्षेत्रका विभिन्न विद्यालयहरूमा शिक्षण कार्यमा सरिक रहेका प्रधान सन् १९५३ देखि सरकारी शिक्षासेवाबाट निवृत्त भएका थिए । यही अवधिमा पारसमणि प्रधानले विद्यार्थीका लागि उपयोगी विविध विषयका पाठ्यपुस्तकहरू लेखी तत्कालीन समयमा देखिएको पाठ्यपुस्तकको अभावलाई टार्ने प्रयास गरेका थिए । प्रधानले शिक्षाको माध्यम मातृभाषा नेपालीलाई बनाउनुपर्ने धारणा राखेका छन् भने उनले नेपाली भाषाप्रतिको सम्मान र नेपाली भाषाको गरिमा स्थापित गर्ने कार्य गरेकाले उनको नेपाली भाषाप्रतिको मोह प्रकट भएको छ । उत्तर बङ्ग विश्वविद्यालयको पाठ्यक्रम निर्धारण समितिका संयोजक तथा सदस्य पदमा रही आफ्नो प्राज्ञिक भूमिका निर्वाह गरेका प्रधानलाई नेपालको त्रिभुवन विश्वविद्यालयले समेत विद्यावारिधि शोधप्रबन्धको परीक्षकका रूपमा खटाएको पाइनुले नेपाली भाषा र साहित्यमा प्रधानको योगदान स्पष्ट हुन आउँछ । भारतको बनारसबाट प्रकाशित *चन्द्र* (सन् १९१४), *गोर्खाली* (सन् १९१५) जस्ता साप्ताहिक पत्रिकामा नेपाली भाषा र साहित्यको उन्नयन कसरी गर्न सकिन्छ भन्ने सकारात्मक सोचाइ भएका लेखरचना प्रकाशन गरी भाषा र साहित्यको सम्वर्द्धनमा समर्पित व्यक्तित्वका रूपमा प्रधान स्थापित भएका छन् । *चन्द्रिका* (सन् १९१८) पत्रिकाको सम्पादनदेखि लिएर गोर्खा भाषालाई स्कुलमा पठनपाठनको मान्यता दिनुपर्छ भनी चलाएका अभियानसम्मका प्रधानका सबै गतिविधिहरू नेपाली भाषा र साहित्यकै श्रीवृद्धिमा केन्द्रित रहेका छन् । कर्तव्यपरायण, स्वाभिमानी, स्पष्टवादी, विजिगीषी, लगनशील तथा व्यावहारिक चरित्र भएका प्रधानले भाषाव्याकरण तथा शब्दकोश सम्पादनको कार्य, भाषासाहित्यसम्बन्धी लेखरचना प्रकाशन गर्ने कार्य, साहित्यिक कृति सृजना गर्ने कार्य, पत्रपत्रिका सम्पादन गर्ने कार्य, अन्य भाषाबाट नेपाली भाषामा कृतिहरू अनुवाद गर्ने कार्य, विभिन्न विषयसँग सम्बद्ध पाठ्यपुस्तक लेखन गर्ने कार्य, धार्मिक पुस्तक लेख्ने कार्यजस्ता उच्चमूल्य युक्त काम गरी नेपाली भाषा र साहित्यलाई प्रगतिको पथमा अग्रसर गराउने प्रधानले यस्तै भाषा साहित्यसँग सम्बन्धित कार्य गरेवापत सन् १९६८ मा नेपाल प्रज्ञा प्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) बाट त्रिभुवन पुरस्कार र *टिपनटापन* कृतिका लागि सन् १९६९ सालको मदन पुरस्कार प्राप्त गरेका छन् । त्यस्तै नेपाली भाषासाहित्यलाई योगदान दिएवापत प्रधानलाई त्रिभुवन विश्वविद्यालयले सन् १९७५ मा मानार्थ महाविद्यावारिधि उपाधि र उत्तर बङ्ग विश्वविद्यालय दार्जिलिङले सन् १९८१ मा डी. लिट. उपाधि पनि प्रदान गरेका छन् । उनले सन् १९८३ मा रत्नश्री स्वर्ण (सुवर्ण) पदक पनि प्राप्त गरेका थिए । नेपाली भाषा साहित्यका यस्ता महान् साधनको मृत्यु सन् १९८६ फरवरी २ मा ८८ वर्षको उमेरमा भएको थियो ।

### ३.१ निबन्धकार पारसमणि प्रधान

निबन्ध र प्रबन्धले लिने विषयवस्तुका आधारमा मिनीहरूको विभाजन गरिएको पाइए पनि पारसमणि प्रधानका रचनाहरूलाई निबन्ध शीर्षकअन्तर्गत समावेश गरी समीक्षा गर्न सकिन्छ । प्रधानले 'अध्यवसाय' (सन् १९१५), 'विद्या' (सन् १९१५), 'हामिहेरूको सफलता कसरी हुन्छ ?' जस्ता निबन्धात्मक रचनाहरूबाट निबन्धलेखनको यात्रा प्रारम्भ गरेका हुन् । प्रधानका *टिपनटापन* (सन् १९६९), *क्वाँटी* (सन् १९७२) र *काठे झ्याँक्री* (सन् १९७४) जस्ता निबन्धात्मक कृतिहरू सार्वजनिक भएका छन् । *टिपनटापन* प्रधानको सन् १९१७ देखि सन् १९६९ सम्म

रचना गरिएका चौंतीस ओटा निबन्धहरूको सँगालो हो । यस सङ्ग्रहका निबन्धहरूको विषय वस्तुपरक ढाँचाको पाइने हुनाले यी निबन्धहरू प्रबन्ध रचनासँग सन्निकट रहेका छन् । हुनत प्रधानको यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू आत्मपरक पनि रहेका छन् यद्यपि यहाँ आत्मपरकताका तुलनामा वस्तुपरकता युक्त निबन्धको सङ्ख्या बढी रहेकाले यो कृति प्रबन्ध रचना नै बन्न पुगेको छ । यस सङ्ग्रहका निबन्धमा आत्मपरकता तथा निजात्मकता एवम् अहम्को प्रतिष्ठा, व्याख्यानको प्रभाव, मर्यादा, तर्कमा जोड, पारस्परिक वार्तालापको आनन्द र वैयक्तिक वैचित्र्यजस्ता विशेषताहरू समाहित भएको पाइन्छ (नलिन, सन् १९६४: २-७) । यस सङ्ग्रहमा रहेका निबन्धहरूलाई विषयवस्तुका आधारमा भाषाविषयक, साहित्यविषयक र भाषासाहित्य र अन्य विषयक ढाँचामा वर्गीकरण गर्न सकिन्छ । यी सबै निबन्धमा दार्जिलिङ क्षेत्रको नेपाली भाषा तथा साहित्यको विकासको अवस्थाका बारेमा जानकारी दिइएकाले विवरणात्मक, व्याख्यात्मक ऐतिहासिक, संस्मरणात्मक, साहित्यिक, विचारात्मक तथा समीक्षात्मक शैलीको उपयोग गरिएको पाइन्छ । यस सङ्ग्रहमा सङ्कलित निबन्धका आधारमा हेर्दा प्रधानको नेपाली भाषा र साहित्यलेखनको दृष्टिकोण अब्बल रहेको भेटिन्छ । *टिपनटापन* निबन्धसङ्ग्रहमा समावेश भएका अधिकांश निबन्धहरू *नेपाली साहित्य सम्मेलन* (१९३२-३४) पत्रिकामा प्रकाशन भएका र यस पत्रिकालाई अनुसन्धानमूलक मानिएकाले प्रधानका यी निबन्धहरू अनुसन्धानात्मक रहेको पाइन्छ (बराल, वि.सं. २०३०: १२८/१२९) । यस सङ्ग्रहमा समाविष्ट निबन्धहरू नेपाली भाषाको उन्नयन कसरी गर्न सकिन्छ भन्ने विषयसँग सम्बन्धित रहेका छन् ।

*क्वाँटी* (सन् १९७२) पारसमणि प्रधानका अट्ठाइस ओटा निबन्धहरू सङ्कलन गरिएको निबन्धसङ्ग्रह हो । *टिपनटापन* (सन् १९६९) निबन्धसङ्ग्रमा चयन गरिएको विषयवस्तुले यसमा पनि निरन्तरता पाएको छ । यस सङ्ग्रहमा समाविष्ट निबन्धहरूमा भाषा, साहित्य, संस्कृति, शिक्षा तथा अन्य विविध विषयको उपयोग गरिएको पाइन्छ । यस सङ्ग्रहका निबन्धहरू आख्यानात्मक ढाँचामा संरचित भएका छन् भने वर्णनात्मक, विवरणात्मक, वैचारिक तथा भावात्मक शैलीशिल्पलाई प्रधानले अङ्गीकार गरेका छन् । साहित्यकारका जीवनीसँग सम्बन्धित सन्दर्भ तथा डायरीलेखन शैली अनि भाषण प्रस्तुतिको शैलीलाई पछ्याउँदै लेखिएका प्रधानका निबन्धले नेपाली भाषा र साहित्यको सम्बर्द्धन मात्र गरेका छैनन् अपितु नेपालका साहित्यकारको साहित्यिक भूमिकालाई निबन्धका माध्यमबाट दोस्रो पुस्तासम्म हस्तान्तरण गर्दै लैजाने अमूल्य कार्य पनि गरेका छन् ।

*काठे भ्‍याँक्री* (१९७४) पारसमणि प्रधानको तेस्रो निबन्धसङ्ग्रह हो । यस निबन्धसङ्ग्रहमा पनि नेपाली भाषा साहित्य, शिक्षा, समाज, जातीय उत्थानका अवधारणा तथा विविध विषयसँग सम्बन्धित निबन्धहरू सङ्कलन गरिएका छन् । यस सङग्रहमा सङकलित अधिकांश निबन्धहरू विवरणात्मक ढाँचामा लेखिएका छन् । यहाँ प्रधानले आख्यानात्मक तथा हास्यव्यङ्ग्य ढाँचाको उपयोग गरी निबन्ध लेख्ने शैलीलाई अङ्गीकार गरेका छन् ।

समग्रमा हेर्दा पारसमणि प्रधानले आफ्ना *टिपनटापन* (सन् १९६९), *क्वाँटी* (सन् १९७२) र *काठे भ्‍याँक्री* (सन् १९७४) तीन ओटै निबन्धसङ्ग्रहमा नेपाली भाषा, साहित्य संस्कृति, सामाजिकता, जातीयताजस्ता पक्षलाई विषय बनाएका छन् । उनका निबन्धमा शिक्षाप्रतिको मोह प्रकट भएको पाइन्छ भने मातृभाषा (नेपाली) प्रतिको उच्च आदरभावसमेत अभिव्यक्त भएको पाइन्छ । यिनका निबन्धहरूमा शिक्षा, भाषा, व्याकरण, कोश, साहित्य, जाति, इतिहास, व्यक्तिवृत्त र रचना सन्दर्भलगायतका अनेक प्रकारका सूचना प्राप्त गर्न सकिन्छ (त्रिपाठी, वि.सं २०४३ : ६६) । यसरी पारसमणि प्रधानले आफ्ना निबन्धका माध्यमबाट नेपाली भाषा तथा जातीय उत्थानका लागि एक सचेत व्यक्तिले गर्नुपर्ने अहम् भूमिका निर्वाह गरेका छन् । यी रचनाहरू सांस्कृतिक सम्वर्द्धन तथा नेपाली भाषाको आधुनिकीकरण तथा मानकीकरणको अभियानका लागि निकै मूल्यवान् रहेका छन् ।

## ३.२ कवि पारसमणि प्रधान

लयात्मक भाषाका माध्यमबाट अभिव्यक्त गरिने सूत्रात्मक आलङ्कारिक अभिव्यक्ति नै कविता हो । साहित्यिक यात्राको प्रारम्भिक चरणदेखि नै पारसमणि प्रधानले कविता लेखनप्रति चासो देखाएको भेटिन्छ । *गोर्खाली* (सन् १९१६) मा प्रकाशित रामको नाम समस्यापूर्तिबाट नै प्रधानको कवितायात्रा प्रारम्भ भएको पाइन्छ । उनका *बटुलबाटुल* (सन् १९५७) *बीरु ड्राइभर* (सन् १९५७) *कवि र कविता कुराकानी* (सन् १९५७), *नेपाली कविता पाठ* (१-३, सन् १९५७) र *जपमाला* (सन् १९७२) जस्ता कविताकृतिहरू सार्वजनिक भएका छन् । प्रधानको कवितायात्रालाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

### *३.२.१ पहिलो चरण (सन् १९१६ देखि सन् १९२२ सम्म)*

पारसमणि प्रधानका *गोर्खाली र गोर्खे खबर* कागतमा प्रकाशित कविताहरू पहिलो चरणमा पर्दछन् । आभ्यासिक चरण भएकाले कविताको भावमा सशक्तता पाइँदैन तर पनि प्रधानका यस अवधिका कविताहरूमा नीति र उपदेशलाई मूल गन्तव्य बनाइएको छ ।

*३.२.२ **दोस्रो चरण (सन् १९२३ देखि सन् १९५७ सम्म)***

यस चरणमा पारसमणि प्रधानद्वारा लिखित पाठ्यपुस्तक *नेपाली साहित्य* (सन् १९२३) देखि लिएर *बटुलबाटुल* (सन् १९५७) कृति प्रकाशन हुने अवधिसम्मका कविताहरू पर्दछन् । यस चरणमा प्रधानले प्राथमिक तथा निम्नमाध्यमिक स्तरका विद्यार्थीका लागि पाठ्यपुस्तक तयार पार्ने काम गरेका हुनाले बालकविताको रचना गरेका छन् । बालकलाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यबाट रचना गरिएका उनका कविताहरू मनोहारी तथा सुकोमल रहेका छन् :

कवि कविता होस्, कविता कवि होस्
कविता तब पो हुन्छ !
शब्द थुपारीकन के हुन्छ ?
भाव भए पो हुन्छ । (*बटुवबाटुल,* पृ.७)

यसरी कविता लेख्ने रीति र पद्धतिलाई कविताकै माध्यमबाट प्रस्तुत गर्ने सामर्थ्य भएका प्रधान सिद्धान्तअनुरूप कविता लेख्ने र कवितामा नै सिद्धान्त लेख्न सक्ने कविका रूपमा परिचित छन् । त्यस्तै प्रधानले बालकलाई समयको महत्त्व बुझाउने किसिमबाट यस्तो कविता पनि लेखेका छन् :

टिक टिक टिक गर्दै भन्छ वेला बताई,
समय नगर कैल्यै व्यर्थमा नष्ट भाइ ।
समय यदि गरौला व्यर्थमा नष्ट ऐले,
दिई धन पछि फेरि पाइने छैन कैले । (*नेपाली साहित्य*-२, चौ.सं. पृ.११)

यस्ता मानव जीवनलाई सुधार गर्ने खालका सुधारक कविताको रचना गरी नीति तथा सामाजिक जीवनको पाठ सिकाउने काम प्रधानले गरेका छन् ।

*३.२.३ **तेस्रो चरण (सन् १९५८ देखि सन् १९८५ सम्म)***

सन् १९५८ देखि हिमालचुली (सन् १९८५) मा प्रकाशित कवितासम्म पारसमणि प्रधानको कवितालेखनको तेस्रो चरण विस्तरित हुन पुगेको छ । यस चरणका कविताहरू स्वच्छन्दतावादी भावधारासँग सम्बन्धित रहेका छन् । मूलतः उपदेश, नीति तथा समाजसुधारको सन्देशप्रवाह गर्ने यस अवधिका कविताले प्रकृतिका मनमोहक सौन्दर्यको चित्रण गरेका छन् साथै वीरभावना र राष्ट्रभक्तिको स्वरसमेत सुसेलेका छन् ।

यसरी निष्कर्षमा समेट्नुपर्दा पारसमणि प्रधानका कविताहरू स्वच्छन्द प्रवाहका उपज बनेका छन् । नीति र उपदेशलाई मुख्य गन्तव्य बनाई लेखिएका प्रधानका कवितामा बालसुलभ मनोरञ्जन र सामाजिकताका सन्दर्भहरू पनि यथेष्ट मात्रामा पाउन सकिन्छ । कविताका माध्यमबाट समाजका बारेमा सिकाउने उद्देश्य लिई लेखिएका रचनाले समाजसुधारको सन्देशका साथै भरपुर मनोरञ्जन पनि प्रदान गरेका छन् । भाव, लय, शिल्प बिम्ब, अलङ्कार, प्रतीक आदि संयोजनका दृष्टिले प्रधानका कविताहरू उत्कृष्ट रहेका छन् ।

### ३.४ नाटककार पारसमणि प्रधान

भावलाई प्रदर्शननात्मक ढाँचामा प्रेक्षकसमक्ष प्रस्तुत गरिने साहित्यिक विधा नै नाटक हो । माध्यम, विधि र विषयमध्ये नाटक विधिका आधारमा अरू विधाभन्दा फरक हुने गर्दछ । बहुआयामिक व्यक्तित्व पारसमणि प्रधानले नेपाली साहित्यपरम्परालाई विभिन्न नाट्यकृति प्रदान गरी अतुलनीय योगदान दिएका छन् । उनले *सावित्री सत्यवान्* (सन् १९१८), *हरिश्चन्द्र नाटक* (सन् १९१८), *सुन्दर कुमार* (सन् १९२०), *रत्नावली* (सन् १९२२) *विद्यासुन्दर* (सन् १८२२), *चन्द्रगुप्त* (सन् १९२२), *वनवास* (सन् १९२३), *बुद्धचरित्र* नाटक (सन् १९२५) र *महाभारत* नाटक (सन् १९३०) गरी जम्मा नौ ओटा नाटकको रचना गरेका छन् । पौराणिक तथा सामाजिक स्रोतको विषय उपयोग गरी लेखिएका यिनका नाटकले नेपाली साहित्यको श्रीवृद्धिका लागि अमूल्य योगदान दिएका छन् ।

पात्रानुकूल संवाद र भाषाको प्रयोग पाइने प्रधानका नाटकहरू सरल र स्वाभाविक किसिमका छन् । उनका नाटकमा सामाजिक, ऐतिहासिक, पौराणिक आदि स्रोतबाट विषय लिइएको छ । त्यस्तै उनका नाटकमा मूलतः शृङ्गार, शान्त तथा वीर रसलाई अङ्गी बनाइएको छ भने हास्य, करुण, शृङ्गार, भयानकजस्ता रसलाई अङ्ग रसका रूपमा उपयोग गरिएको छ ।

समग्रमा भन्नुपर्दा पारसमणि प्रधानले आफ्ना नाट्यकृतिका माध्यमबाट नेपाली साहित्यलाई अमूल्य योगदान दिएका छन् । उनले आफ्ना नाटकमा चरित्र र संवादमा स्वाभाविकता सृजना गरी पाठकअनुकूलको विषय प्रस्तुत गर्ने काम गरेका छन् । नाटकको महत्त्वपूर्ण पक्षका रूपमा रहने मञ्चीयताका दृष्टिले पनि उनका नाटकहरू सफल रहेका रहेका छन् । सामाजिक, ऐतिहासिक, धार्मिक तथा पौराणिक विषय चयन गरी लेखिएका उनका नाटकमा विषयगत विविधता पाइन्छ । नाटकका मुख्य पक्ष मानिने वस्तु, नेता र रस चयनका दृष्टिले पनि प्रधानका नाट्य कृतिहरू उच्चकोटिका रहेकाले उनको नाट्यकारिता उत्कृष्ट रहेको भेटिन्छ ।

### ४. निष्कर्ष

पारसमणि प्रधान नेपाली साहित्यका विविध विधामा कलम चलाउने प्रवासी नेपाली साहित्यकार हुन् । आफ्नो पैतृकस्थल नेपाल भए पनि भारतको बनारस हुँदै दार्जिलिङमा स्थायी बसोवास

गर्न पुगेका प्रधानले नेपाली भाषासाहित्यको विकासमा अतुलनीय योगदान दिएका छन् । निबन्ध, कविता, नाटक तथा बालसाहित्यमा कलम चलाएका प्रधानले यी सबै साहित्यिक विधाका माध्यमबाट नेपाली भाषाको मानकीकरण र आधुनिकीकरणमा महत्त्वपूर्ण योगदान दिएका छन् । भाषा, साहित्य, साहित्यकार, संस्कृति, जातीयता, राष्ट्रियताजस्ता विषयगत विविधता देखाउने प्रधानका निबन्धात्मक कृतिले भाषिक उत्थान र मातृभाषाप्रति सद्भाव प्रकट गरेका छन् । त्यस्तै कविताका माध्यमबाट पनि प्रधानले नीतिचेतना र उपदेशको भावना प्रसार गरेका छन् । बालमनोविज्ञानअनुरूप बालोपयोगी कविता रचना गर्ने प्रधानले सामाजिक सन्दर्भ तथा मनोहारी विषय प्रस्तुत गर्दै बालबालिकामा सद्गुण सञ्चार गर्ने लक्ष्य लिएका छन् । सरल तथा लयात्मक भाषाशैलीको उपयोग गरी लेखिएका यिनका कविताले सकारात्मक सन्देशप्रवाह गरेका छन् । नाटक प्रधानको अर्को रुचिको क्षेत्र बनेको छ । उनले सामाजिक, ऐतिहासिक, पौराणिक तथा धार्मिक विषयको उपयोग गरी नाटकको रचना गरेका छन् । नाटकका माध्यमबाट प्रधानले वस्तु, नेता र रसको आचार्य भरतले प्रतिपादन गरेको सिद्धान्तलाई नेपाली पाठकसमक्ष सहजरूपमा सम्प्रेषण गर्ने कार्य गरेका छन् । त्यसैले पारसमणि प्रधान नेपाली साहित्य र भाषाको विकासमा योगदान दिने प्रवासी प्रबुद्ध प्रतिभा हुन् । साहित्यका माध्यमबाट समेत भाषाविषयक दृष्टिकोण प्रस्तुत गरेको पाइनुले प्रधान नेपाली भाषाको विकास तथा उन्नयनमा प्रतिबद्ध छन् भन्ने कुरा पुष्टि हुन्छ भने उनका साहित्यिक कृतिको लक्ष्य भावास्वादनका साथै नेपाली भाषाको मानकीकरण र आधुनिकीकरण बनेकाले नेपाली भाषाको सर्वोपरि उन्नतिका लागि यिनका रचनाले भूमिका निर्वाह गरेका छन् ।

**सन्दर्भसामग्री**


त्रिपाठी, वासुदेव, पारसमणि प्रधानको सम्झना, मदनदेव भट्टराई (सम्पा.), *रत्नश्री.* वर्ष २४. अङ्क २, २०४३. पृ. ६६ ।

नलिन, जयनाथ, *हिन्दी निबन्धकार,* दो.सं., दिल्ली : आत्मराम एन्ड सन्स, सन् १९६४ ।

प्रधान, नगेन्द्रमणि, *डा. पारसमणिको जीवनयात्रा,* दार्जिलिङ : डा. पारसमणि प्रकाशन, सन् १९९१ ।

प्रधान, पारसमणि, *बटुलबाटुल,* दार्जिलिङ : पी. एम. प्रधान एन्ड सन्स, सन् १९५७ ।

प्रधान, पारसमणि, *नेपाली साहित्य दोस्रो भाग,* चौ.सं..कलकत्ता : म्याकमिलन कम्पनी लिमिटेड, सन् १९६५ ।

प्रधान, पारसमणि, *काठे भाँक्री,* कालिम्पोङ : भाग्यलक्ष्मी प्रकाशन, सन् १९७४ ।

प्रधान, भिक्टर, *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

प्रधान, शिव (सम्पा.), *पारसमणि प्रधान अभिनन्दन ग्रन्थ,* गान्तोक : गान्तोक प्रकाशन, सन् १९८४ ।

बराल, ईश्वर (सम्पा.), *सयपत्री.* ते.सं., काठमाडौ : साझा प्रकाशन, २०३० ।

योञ्जन, जस, चन्द्रिका नेपाली मासिक पत्रिका : परिचायिक चर्चा, *समयाङ्कन,* सम्पा. घनश्याम नेपाल र कुमारबहादुर जोशी, वर्ष १, अङ्क १, सन् १९९५ ।

सुन्दास, लखीदेवी (सम्पा.), *अकादमी निबन्धावली,* दार्जिलिङ : नेपाली अकादमी उत्तर बङ्ग विश्वविद्यालय, सन् १९७६ ।